बकैया गाउँकार्यपालिकाको मिति २०७७।०३।२२ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

**१. ठेक्काको थप कामको भुक्तानी सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा कार्यपालिकाको मिति २०७७ असार ५ गतेको निर्णय बमोजिम यस गाउँपालिका अन्तर्गत सञ्चालित तपशील बमोजिमका ठेक्काको ईस्टिमेट अनुसारको काम सम्पन्न भई लक्ष्य अनुसारको स्थानमा पूर्याउनका लागि थप कार्य गर्नु आवश्यकता रहेकोमा सम्बन्धित ठेकेदारहरुसँग निजले कार्य गरेको दररेट वा सो भन्दा कम रेट हुनेगरि संझौता गरी थप कार्य समेत सम्बन्धित ठेकेदार मार्फत नै गराउने निर्णय भएकोमा थप कामको लागि संझौता गरी कार्य सञ्चालन गरिएको र सो कामको मुल्याङ्कनबाट तपशील बमोजिम कार्यसम्पादन प्राप्त भएकाले सोही अनुसार भुक्तानी प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

तपशील

| क्र.सं. | योजनाको विवरण | ठेकेदारको दररेट अनुसार थप ईस्टिमेटेड लागत रु. | काम सम्पन्न भए पश्चातको मूल्यांकित रकम रु. |
|---|---|---|---|
| १ | गोठखोला थली सडक, बकैया-४ | १५,८७,९४७।८७ | १५,६५,३११।७१ |
| २ | सोवी ठिंगन सडक, वडा नं. ४ र ११ | ११,६८,६४४।८७ | ११,५२,७५९।३३ |
| ३ | दोभान सानोहाँडी सडक, बकैया-२ | ६१,३६,९१७।५५ | ५९,७४,८६८।१० |
| ४ | सुधा, अल्छे, भोगटे, टिकुली, भालुखोला, रतनपुर सडक, बकैया-६ | १३,७६,२११।७५ | ६,७२,८४१।८३ |
| ५ | जितपुर कोलखोप सडक, बकैया-१२ | १६,७८,३०४।९३ | १६,४२,३५०।४८ |
| ६ | हात्तीसुंडे शिखरपुर मन्थली सडक | १२,२०,१८८।१३ | १२,२०,१८८।१३ |

**२. स्वास्थ्य सम्बन्धि बजेट सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं. ३, ५, ७, ८, १० र ११ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणको लागि ई-विडिङ्ग मार्फत ठेक्का संझौता समेत भैसकेको साथै सो ठेक्का वहुवर्षिय भएको कारण सो प्रयोजनार्थ संघीय सरकारबाट प्राप्त सशर्त अनुदानको रकम गाउँपालिकाको सञ्चित कोष खातामा मौज्दात राखि नपुग रकम संघीय सरकार समक्ष माग गर्ने निर्णय गरियो ।

दामोदर खनाल

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुंडे, मकवानपुर बागमती प्रदेश, नेपाल

Scanned with CamScanner